जब तिमीले ती मानिसहरूलाई देख्छौ जसले कुरानका मुतशाबिह (अनेकार्थ रहेका) आयतहरूलाई पछ्याउँछन् , तब(बुझ्नु कि) ती नै ती व्यक्तिहरू हुन् जसको बारेमा अल्लाहले नाम लिएर चेतावनी दिएका छन्, त्यसैले तिनीहरूबाट सावधान रहनु

आइशा (रजियल्लाहु अन्हा) ले वर्णन गरेकी छिन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले
निम्न श्लोकको तिलावत(पाठ) गर्नुभयो: {उहाँले नै तपाईंलाई कुर्आन प्रदान गर्नुभयो जसमा केही मुहकम (एकदमै स्पष्ट) आयतहरू छन्, जुन मूल किताब हुन् र केही मुतशाबिह (अनेकार्थ बोकेका) छन् । जसको हृदयमा टेढोपन र रोग छ, तिनीहरू उत्पात मचाउन (शंका उत्पन्न गर्न र मानिसहरूलाई पथभ्रष्ट पार्न ) मुतशाबिह- अनेकार्थ रहेका आयतहरूको पछि लाग्दछन् र मनपरी ढंगले ती आयतहरूको व्याख्या गर्छन् । वास्तवमा, यसको वास्तविक अर्थ अल्लाहबाहेक कसैलाई थाहा छैन । जुन मानिसहरू ठोस र गहिरो ज्ञान राख्दछन् भन्दछन्– हामीले यस पूरै कुर्आनमाथि ईमान ल्यायौं, किनभने यी सबै हाम्रा पालनकर्ताको तर्फबाट हुन् । र वास्तवमा बुद्धिमानहरूले मात्र उपदेश ग्रहण गर्छन् ।} [आलि-इमरान३: ७], आइशा (रजियल्लाहु अन्हा) भन्नुहुन्छ: रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "जब तिमीले ती मानिसहरूलाई देख्छौ जसले कुरानका मुतशाबिह (अनेकार्थ रहेका) आयतहरूलाई पछ्याउँछन् , तब(बुझ्नु कि) ती नै ती व्यक्तिहरू हुन्
जसको बारेमा अल्लाहले नाम लिएर चेतावनी दिएका छन्, त्यसैले तिनीहरूबाट सावधान
रहनु।"
[सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यो श्लोक पढ्नु भयो: {उहाँले नै तपाईंलाई कुर्आन प्रदान गर्नुभयो जसमा केही मुहकम (एकदमै स्पष्ट) आयतहरू छन्, जुन मूल किताब हुन् र केही मुतशाबिह (अनेकार्थ बोकेका) छन् । जसको हृदयमा टेढोपन र रोग छ, तिनीहरू उत्पात मचाउन (शंका उत्पन्न गर्न र मानिसहरूलाई पथभ्रष्ट पार्न ) मुतशाबिह- अनेकार्थ रहेका आयतहरूको पछि लाग्दछन् र मनपरी ढंगले ती आयतहरूको व्याख्या गर्छन् । वास्तवमा, यसको वास्तविक अर्थ अल्लाहबाहेक कसैलाई थाहा छैन । जुन मानिसहरू ठोस र गहिरो ज्ञान राख्दछन् भन्दछन्– हामीले यस पूरै कुर्आनमाथि ईमान ल्यायौं, किनभने यी सबै हाम्रा पालनकर्ताको तर्फबाट हुन् । र वास्तवमा बुद्धिमानहरूले मात्र उपदेश ग्रहण गर्छन्} । यस श्लोकमा, सर्वशक्तिमान अल्लाहले भन्नुभयो: उहाँ नै हुनुहुन्छ जसले आफ्नो नबीमाथि कुर्आन अवतरण गर्नुभयो, जसमा स्पष्ट अर्थ भएका श्लोकहरू छन्, जसका नियमहरू सुस्पष्ट छन् र तिनीहरूमा कुनै भ्रम छैन । यी श्लोकहरू कुर्आनका मूल आधार हुन्, मतभेद र असहमतिको अवस्थामा यिनै अनुसार निर्णय गर्नुपर्छ । जबकि केही श्लोकहरू यस्ता छन्, जसमा एकभन्दा बढी अर्थको सम्भावना पाइन्छ, केही मानिसहरूलाई तिनीहरूको अर्थ बुझ्न गाह्रो हुन्छ वा तिनीहरू अन्य श्लोकहरूसँग विरोधाभास छ भन्ने ठान्छन्। त्यसपछि अल्लाहले मानिसहरूले यी श्लोकहरूसँग कसरी व्यवहार गर्छन् भन्ने कुरा बताउनुभएको छ: जसको हृदय टेढोपन र रोगले भरिएको छ, तिनीहरूले स्पष्ट श्लोकहरू छोड्छन् र एक भन्दा बढी अर्थ भएका सम्भाव्य श्लोकहरू

लिन्छन्, र यसबाट शङ्का उत्पन्न गर्न र मानिसहरूलाई भ्रमित पार्न खोज्छन् र यसरी, तिनीहरूले आफ्नो इच्छा अनुसार व्याख्या गर्न खोज्छन् । यसको विपरित ज्ञानमा दृढ भएकाहरूले यी सम्भाव्य श्लोकहरू बुझ्छन् र यसलाई स्पष्ट आयतसँग सम्बन्धित गर्छन् र त्यसमाथि विश्वास गर्छन् र सम्पूर्ण श्लोकहरू अल्लाहबाटै आएका हुन् भनेर स्वीकार गर्छन्, र श्लोकहरू कुनै अस्पष्टता वा विरोधाभास हुन सक्दैन भन्ने कुरामा विश्वास राख्छन् । तर यसबाट शिक्षा लिने र सचेत हुने केवल बुद्धिमान मानिसहरू मात्र हुन्छन् । त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आइशा (रजियल्लाहु अन्हा) लाई भन्नुभयो : जब तिमीले ती मानिसहरूलाई देख्छौ जसले कुरानका मुतशाबिह (अनेकार्थ रहेका) आयतहरूलाई पछ्याउँछन् , तब (बुझ्नु कि) ती नै ती व्यक्तिहरू हुन् जसको बारेमा अल्लाहले नाम लिएर यो भन्दै {अनि जुन मानिसहरूको हृदय विकृत छन} चेतावनी दिएका छन्, तिनीहरूबाट सावधान रहनु र तिनीहरूका कुराहरू नसुन्नु।"

https://sunnah.global/hadeeth/ne/show/65062